# नेपाल सरकार
## अर्थ मन्त्रालय
### मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिको कार्यालय
दरवार मार्ग, काठमाण्डौ

मिति: २०७९ कार्तिक ४ गते

## घर जग्गा खाली गरिदिने सम्बन्धि सूचना

नेपाल सरकार, अर्थ मन्त्रालय, मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति, काठमाडौंद्वारा निर्माण गर्न लागेको ४०० के.भि. रातमाटे सवस्टेसनको लागि आवश्यक जग्गा अधिग्रहण गर्न जग्गा प्राप्ति ऐन २०३४ अनुसार नेपाल सरकार, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट मिति २०७६ असोज १५ गते गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो । सोहि ऐन बमोजिम बनेको मुआब्जा निर्धारण समितिको, मिति २०७६ माघ २२ र फागुन ५ गतेको बैठकबाट मुआब्जा निर्धारण भएको थियो । मुआब्जा निर्धारण समितिको निर्णय अनुसार निर्धारण भएको मुआब्जा र मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिको पूनर्वास नीतिमा उल्लेखित मापदण्डका आधारमा सुविधाहरु संग्लन गरी बनेको क्षतिपूर्ति सम्झौता, आयोजना र आयोजना प्रभावित परिवार बिच सम्पन्न भई मुआब्जा पनि वितरण भैसकेको छ ।

साथै मुआब्जा निर्धारण समितिको मिति २०७७ फागुन १६ गतेको निर्णय अनुसार मुआब्जा र संरचनाहरुको क्षतिपूर्ति रकम बुझेको मितिले ३५ दिन भित्र जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३६ बमोजिम हुने गरी घर जग्गा खाली गर्नुपर्ने व्यवस्था भए बमोजिम आजको मितिले ३५ दिनभित्र मुआब्जा र संरचनाहरुको क्षतिपूर्ति रकम बुझेका परिवारहरुले घर जग्गा खाली गरिदिने सम्बन्धि सूचना गोरखापत्र दैनिकमा मिति २०७८।१२।०८ मा प्रकाशित भैसकेको अवगत नै छ ।

यसै सिलसिलामा यस आयोजनाले अधिग्रहण गरेको क्षेत्र भित्र परेका जग्गाहरुमा निर्माण गर्न लागेको घेरावारको कार्य तुरुन्त प्रारम्भ गर्ने भएकाले आ-आफ्ना बालीनाली भित्राएर घरजग्गा खालि गरिदिनुहुनका साथै पुन बालीनाली लगाउने जस्ता कार्यहरु नगर्नु हुन मौखिक जानकारी गरिसकेको र अन्तिम पटक पुन यो सूचना प्रकाशित गरिएको छ । कसैले अटेर गरि उक्त कार्यहरु गरेमा नियमानुसार हटाउने र बालीनाली तथा संरचनामा हुने क्षतिको जिम्मेवार स्वयम् हुने ब्योहोरा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

– **मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति**